# मधेशी आयोगको काम, कर्तव्य र अधिकारका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : मधेशी आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरु र त्यस्तो आयोगको काम, कर्तब्य र अधिकार सम्बन्धी कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) वमोजिमको व्यवस्थापिका -संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मधेशी आयोग ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ र सो शव्दले कार्यवाहक भई काम गर्ने व्यक्ति समेतलाई जनाउछ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २६२ बमोजिमको मधेशी आयोग सम्झनुपर्छ ।

(ग) "कर्मचारी" भन्नाले आयोगको कर्मचारी सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "मधेशी" भन्नाले छुट्टै पहिचान, संस्कृति र परम्परा भएको मधेशी समुदायको व्यक्ति सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद-२
## आयोगको कार्य सञ्चालन तथा व्यवस्थापन

३. आयोगको स्थापना : संविधानको धारा २६२ को उपधारा (१) मा उल्लेख भए वमोजिमको अध्यक्ष र सदस्यहरु रहेको एक मधेशी आयोग रहनेछ ।

४. आयोगको काम, कर्तव्य र अधिकार : (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मधेशी समुदायको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानका लागि आवश्यक नीति तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) मधेशी समुदायको उत्थान र विकासका लागि सो समुदायको अन्य जातजाति एवं समुदायसँग रहेको विभेदको अन्त्य गरी मधेशी समुदायको हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मधेशी समुदायका सम्वन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) मधेशी समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत मधेशीको हितसँग सम्वन्धित कानूनी व्यवस्थाको पालना वा प्रभावकारी कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी नेपाल सरकार समक्ष सुझाव दिने,

(ङ) मधेशी समुदायको राज्य संयन्त्रमा समानुपातिक सहभागिता भए नभएको अध्ययन गरी त्यस्तो समुदायको समावेशी प्रतिनिधित्वका लागि पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(च) मधेशी समुदायको संरक्षण, सशक्तिकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्वन गर्नु पर्ने नीतिको सम्वन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) विभिन्न जात जाति समुदाय एवं सम्प्रदाय बीच सुमधुर सम्वन्ध, सद्भाव र सामन्जस्यता कायम गरी समतामूलक समाजको निर्माण गरी मुलुकको समष्टीगत विकास गर्न नेपाल सरकारलाई सघाउ पु-याउने,

(ज) तोकिए वमोजिमको अन्य काम गर्ने ।

५. आयोगको वैठक र निर्णय : (१) संविधान तथा यस ऐन वमोजिम आयोगले गर्नुपर्ने सवै काम आयोगको वैठकवाट निर्णय भए वमोजिम हुनेछ ।

(२) आयोगको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्य मध्ये वरिष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(३) आयोगको सदस्य संख्याको कम्तिमा पचास प्रतिसत सदस्यहरु उपस्थित भएमा आयोगको वैठक वस्न गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको वैठक महिनामा कम्तिमा एक पटक अध्यक्षले वोलाएको समयमा वस्नेछ ।

(५) आयोगको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ । वहुमत हुन नसकेमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिन सक्नेछ ।

(६) आयोगको निर्णयको अभिलेख सचिवले रीतपूर्वक राख्नु पर्नेछ ।

(७) आयोगको निर्णय सचिवले प्रमाणित गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(८) आयोगको वैठक सम्वन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे वमोजिम हुनेछ ।

६. आयोगको सचिवालय : आयोगको एउटा सचिवालय रहनेछ ।

(२) आयोगको सचिवालयको काम सम्पादन गर्न आयोगमा एक सचिव र आवश्यक संख्यामा कर्मचारी एवं विशेषज्ञ रहनेछन् ।

७. आयोगको संगठन संरचना : आयोगको संगठनात्मक संरचना र कर्मचारीको दरवन्दी आयोगको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरे वमोजिम हुनेछ ।

८. आयोगको कार्य विभाजन : अध्यक्ष र सदस्यहरुको कार्य विभाजन आयोगले तोके वमोजिम हुनेछ ।

९. आयोगको सचिव : (१) आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्न निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको एक सचिव रहनेछ ।

(२) यो ऐन र अन्य प्रचलित कानूनमा तोकिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सचिवको अन्य काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको प्रशासन र व्यवस्थापन सम्बन्धी काम गर्ने,
(ख) आयोगको वार्षिक वजेट, कार्यक्रम र योजना तयार गरी आयोग समक्ष पेश गर्ने,
(ग) आयोगको चल अचल सम्पत्तिको रेखदेख स्याहार सम्भार गर्ने,
(घ) आयोगको काम कारवाही सुचारुरूपले संचालन गर्न आवश्यक व्यवस्था गर्ने,
(ङ) आयोगको नीति कार्यक्रम र निर्णयहरुको कार्यन्वयन गर्ने, गराउने, र
(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

१०. कर्मचारी सम्वन्धी व्यवस्था : (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

(२) आयोगमा कार्यरत कर्मचारीलाई नेपाल सरकारले अन्य कार्यालयमा सरुवा गर्दा आयोगको सहमति लिनु पर्नेछ ।

११. दक्ष वा विशेषज्ञको सेवा लिन सक्ने: आयोगले संविधान, यो ऐन र प्रचलित कानून वमोजिम आफूले सम्पादन गर्नु पर्ने कामको लागि आयोगबाट सम्पन्न हुन नसक्ने भएमा प्रचलित कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ ।

१२. सम्पर्क राख्न र राय लिन सक्ने : (१) आयोगले आफ्नो काम कर्तव्यको सम्वन्धमा कुनै संवैधानिक निकाय वा नेपाल सरकारको कुनै मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थासँग सोझै सम्पर्क राख्न, सरसल्लाह गर्न वा राय लिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, मन्त्रिपरिषद्वाट हुनु पर्ने आयोगसँग सम्वन्धित विषयमा सम्पर्क राख्दा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

(३) आयोगले आफ्नो काम कारवाहीसँग सम्वन्धित संबैधानिक तथा कानूनी प्रश्नको सम्वन्धमा कुनै निकाय वा अधिकारीको राय लिन आवश्यक देखेमा सरकारी निकाय वा महान्यायाधिवक्ता वा अन्य सरकारी वकिलको राय लिन सक्नेछ ।

१३. प्रतिरक्षा गर्ने : आयोगले आफ्नो तर्फवाट कुनै अड्डा अदालतमा निवेदन दिन वा मुद्दा चलाउन वा त्यसको लागि आवश्यक लिखत तयार गर्न र प्रतिरक्षा गर्न वा आयोग विरुद्ध कसैले कुनै कारवाही चलाएमा वा मुद्धा दायर गरेमा लिखित जवाफ वा प्रतिउत्तर दिन वा प्रतिरक्षा गर्न आवश्यकता र उपयुक्तताको आधारमा सरकारी बकिल वा महान्यायधिवक्ता वा अन्य कानून व्यवसायीको परामर्श वा सेवा लिन सक्नेछ ।

१४. आयोगले सुझाव दिन सक्ने : (१) आयोगको काम कारवाहीको सिलसिलामा वा आयोगद्धारा आयोजित गोष्ठि, सेमिनार तथा छलफलवाट प्राप्त निष्कर्षको आधारमा मधेशी समुदायको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानका लागि एवम् मधेशी समुदायको अधिकारको सम्मान, संरक्षण, संम्वर्द्धन तथा सो को प्रभावकारी कार्यान्वयन गर्न, विद्यमान नीति वा प्रचलित कानूनमा सुधार गर्न आवश्यक देखिएमा आयोगले सम्वन्धित निकायलाई सुझाव दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम दिईएको सुझावको विवरण आयोगको वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-३
## सदस्यको योग्यता तथा पारिश्रमिक र सेवाका शर्त

१५. सदस्यको योग्यता : देहायका व्यक्ति सदस्यको पदमा नियुक्त हुन योग्य मानिनेछ :-

(क) मधेशी समुदायको अधिकार वा मानव अधिकार संरक्षण वा मधेशी समुदायको विकास तथा उत्थानसँग सम्वन्धित क्षेत्रमा कम्तिमा दश वर्ष काम गरेको मधेशी समुदायको व्यक्ति,

(ख) अध्यक्षको हकमा मान्यताप्राप्त विश्वविद्यालयवाट स्नातक उपाधि प्राप्त गरेको,

(ग) नियुक्त हुँदाका वखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) पैतालिस वर्ष उमेर पूरा भएको र

(ङ) उच्च नैतिक चरित्र भएको ।

१६. सदस्यको पद रिक्त हुने अवस्था : संविधानको धारा २६२ को उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै अवस्थामा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष राजिनामा दिएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पुरा भएमा,

(ग) निजको विरुद्ध संविधानको धारा १०१ वमोजिम महाअभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताका कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

१७. पुनः नियुक्ति हुन नसक्नेः संविधानको धारा २६२ को उपधारा (२) वमोजिम नियुक्त सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन ।

तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

१८. अन्य सरकारी सेवामा नियुक्ति हुन नसक्नेः अध्यक्ष वा सदस्य भैसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुनेछैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

१९. पारिश्रमिक र सेवाका शर्त : अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक तथा सेवाका शर्त क्रमशः संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धी प्रचलित कानून वमोजिम प्रमुख पदाधिकारी र पदाधिकारी सरह हुनेछ ।

२०. कार्यवाहक भई काम गर्न सक्ने : कुनै कारणवश अध्यक्षको पद रिक्त भएमा वा निज विदेश भ्रमणमा गएकोमा वा सात दिन भन्दा वढी समयसम्म विदामा रहेकोमा आयोगको वरिष्ठतम सदस्यले आयोगको कार्यवाहक अध्यक्ष भई काम गर्न सक्नेछ ।

२१. सदस्यले पालना गर्नु पर्ने आचरण तथा व्यवहार : (१) सदस्यले पदको गरिमा तथा मर्यादामा आँच नआउने गरी मधेशी समुदायको अधिकारको संरक्षण तथा विकास, उत्थान तथा हितको निष्पक्ष एवं स्वतन्त्र भएर आफूले यस ऐन र प्रचलित कानून वमोजिम निर्वाह गर्नु पर्ने दायित्व पूरा गर्नु पर्नेछ ।

(२) सदस्यले पदीय दायित्व वमोजिमको जिम्मेवारी निर्वाह गर्दा विभिन्न जातजाति, समुदाय तथा सम्प्रदाय वीचको सम्वन्धमा खलल नपर्ने गरी समन्वय कायम गरी गर्नु पर्नेछ ।

(३) सदस्यले आफ्नो काम, कर्तव्य र अधिकारको पालनाको सिलसिलामा उपदफा (१) र (२) को विपरित हुने गरी कुनै पनि व्यक्ति, गैर सरकारी संस्था वा अन्य कुनै पनि स्वदेशी वा विदेशी संस्था वा निकायले दिएको निर्देशन वा आदेश वमोजिमको कुनै काम गर्नु हुदैन ।

(४) आयोगको वैठकवाट निर्णय हुनु पर्ने कुनै विषय कुनै सदस्यको स्वार्थसँग वाझिने भएमा सम्वन्धित सदस्यले सो को घोषणा गरी सो विषयको निर्णय गर्ने बैठकमा भाग लिनु हुदैन ।

(५) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले पालना गर्नु पर्ने आचरण तथा व्यवहार पालना नगरेको कारणवाट मात्र आयोगले गरेको कुनै निर्णय वा सम्पादन भएको कुनै काम कारवाही वदर वा अमान्य हुने छैन ।

२२. आयोगको काम कारवाहीमा वाधा नपर्ने : कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र आयोगको काम कारवाहीमा वाधा पर्ने छैन ।

## परिच्छेद- ४
## वजेट तथा लेखापरिक्षण

२३. नेपाल सरकारले वजेट व्यवस्था गर्नु पर्ने : आयोगको काम कारवाहीको लागि आवश्यक पर्ने वजेटको व्यवस्था नेपाल सरकारले गर्नु पर्नेछ ।

२४. लेखा र लेखा परीक्षण : (१) आयोगले आफ्नो काम कारवाहीको सिलसिलामा गरेको खर्चको लेखा प्रचलित कानून वमोजिम राख्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम आयोगले राखेको लेखाको लेखा परीक्षण प्रचलित कानून वमोजिम हुनेछ ।

## परिच्छेद- ५
## विविध

२५. आयोगले समन्वय वा सहकार्य गर्न सक्ने : आयोगले आफ्नो काम कारावाहीको सिलसिलामा अन्य कुनै आयोग, समिति वा निकायसंग परामर्श गर्न, सहयोग लिन वा त्यस्तो काम कारवाहीको बिषयमा आवश्यक समन्वय वा सहकार्य गर्न सक्नेछ ।

२६. आयोगको काम कारवाहीमा सहयोग गर्नु पर्ने : आयोगले माग गरेको सूचना, कागजात वा आयोगको कामकारबाहीसँग सम्बन्धित विषयमा सम्बन्धित निकाय वा पदाधिकारीले आवश्यक सहयोग उपलव्ध गराउनु पर्नेछ ।

२७. समिति वा कार्यदल गठन गर्न सक्ने : (१) आयोगले आफ्नो कार्य सम्पादनको लागि आवश्यकतानुसार समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम गठित समिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा त्यस्तो समिति वा कार्यदलका सदस्यहरुले पाउने सुविधा तोकिए वमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिमको समिति वा कार्यदलले आयोगद्धारा तोकिएको कार्य सम्पन्न गरेपछि आयोग समक्ष आफूले सम्पादन गरेको कामको प्रतिवेदन वुझाउनु पर्नेछ ।

(४) आयोगले उपदफा (१) वमोजिमको समिति वा कार्यदल जुनसुकै वखत विघटन गर्न सक्नेछ ।

२८. वार्षिक प्रतिवेदन : आयोगले संविधानको धारा २९४ बमोजिम राष्ट्रपति समक्ष पेश गर्नु पर्ने वार्षिक प्रतिवेदनमा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) वार्षिक कार्यक्रमको कार्यान्वयन,
(ख) ऐनको कार्यान्वयनका सम्वन्धमा नेपाल सरकार समक्ष दिएको सुझाव,
(ग) यस ऐन वमोजिम आयोगले पुरा गर्नु पर्ने दायित्व निर्वाहका सम्वन्धमा गरिएको काम कारवाही ।

२९. आयोगको प्रतीक चिन्ह : आयोगले राज्यको निशान छापका अतिरिक्त आयोगको छुट्टै प्रतीक चिन्ह प्रयोगमा ल्याउन सक्नेछ ।

३०. अधिकार प्रत्यायोजन : आयोगले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये केही अधिकार अध्यक्ष, सदस्य, सचिव, आयोगका कुनै अधिकृत स्तरको कर्मचारी, नेपाल सरकारको कुनै अधिकृतस्तरको कर्मचारी वा प्रदेश सरकारको कुनै कार्यालय वा अधिकृतस्तरको कर्मचारी वा स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३१. नेपाल सरकारसंग सम्पर्क : आयोगले नेपाल सरकारसंग सम्पर्क राख्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३२. नियम, कार्यविधि र निर्देशिका बनाउने अधिकार : (१) यस ऐनको उद्देश्य कार्यन्वयन गर्न आयोगले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउंदा नेपाल सरकारलाई आर्थिक ब्ययभार हुने विषय समावेश भएमा आयोगले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) आयोगले आफ्नो कार्य व्यवस्थित रूपले संचालन गर्नका लागि आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

३३. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिए जतिका कुरामा यसै ऐन बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमाणित